नेपाल सरकार

# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
# विशेष आर्थिक क्षेत्र प्राधिकरण

त्रिपुरेश्वर, काठमाण्डौ

## सिमरा विशेष आर्थिक क्षेत्र ब्लक "A" (Expansion) मा विकसित जग्गा प्लटहरु उद्योग स्थापना र सञ्चालनका लागि भाडामा लगाउने सम्बन्धी सूचना

प्रकाशित मिति: २०८२/०५/०२

विशेष आर्थिक क्षेत्र ऐन, २०७३ को दफा ८ को उपदफा (१) तथा विशेष आर्थिक क्षेत्र नियमावली, २०७४ को नियम २४ तथा २५ बमोजिम विशेष आर्थिक क्षेत्रहरुमा उद्योग स्थापना, सञ्चालन र व्यवस्थापन गर्न इच्छुक लगानीकर्ता उद्योगीहरूलाई नियमावलीको अनुसूची ४ बमोजिमको आवेदन दिन यो सूचना प्रकाशन गरिएको छ। आवेदनहरूले देहाय बमोजिम आवेदन दिनुहुन जानकारी गराइन्छ।

देहाय:

1. विशेष आर्थिक क्षेत्रमा स्थापना गर्न नसकिने विशेष आर्थिक क्षेत्र नियमावली, २०७४ को अनुसूची ३ मा उल्लेख भएको उद्योग बाहेकका उद्योगहरु स्थापना गर्नुपर्ने छ।
2. उद्योगलाई विशेष आर्थिक क्षेत्र ऐनको दफा १६ को खण्ड (झ) बमोजिमका सुविधाहरुको प्रबन्ध हुन सक्नेछ।
3. विशेष आर्थिक क्षेत्रको जग्गा बहालमा पहिलो ३ वर्ष सम्म ऐनको दफा २६ बमोजिम छुट सुविधा उपलब्ध हुने छ।
4. लगानीकर्ताले सूचना प्रकाशन मितिले १५ औं दिन भित्र कार्यालय समयमा प्राधिकरणको केन्द्रिय कार्यालय तथा शाखा कार्यालय सिमरामा निवेदन दिन सक्नेछ।
5. आवेदनको ढाँचा र आवेदनको साथमा पेश गर्नुपर्ने कागजात तथा विवरणहरुको विस्तृत जानकारी प्राधिकरणको वेवसाइट www.seznepal.gov.np मा उपलब्ध छ।
6. विस्तृत जानकारीको लागि प्राधिकरणको केन्द्रिय कार्यालय त्रिपुरेश्वर, काठमाण्डौ फोन नं. ०१-५३५२८३३ मा सम्पर्क गर्न सकिनेछ।